# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### नेपाल राष्ट्र बैंकले **Asian Clearing Union** तथा **SAARCFINANCE Meetings** आयोजना गर्ने

नेपाल राष्ट्र बैंकले जुन २७ देखि २९ सम्म काठमाडौंमा एसियन क्लियरिङ्ग यूनियनको ४७ औं वोर्ड अफ डिरेक्टर्स मिटिङ्ग तथा ३६ औं सार्कफाइनान्स ग्रुप मिटिङ्ग आयोजना गर्दैछ । सो क्रममा जुन २७ मा १४ औं सार्कफाइनान्स गभर्नर्स सिम्पोजियम समेत आयोजना हुँदैछ । Developing a Common Platform for Strengthening Digital Payment System in the SAARC Region बिषयक Theme रहेको उक्त सिम्पोजियमको उद्‌घाटन माननीय अर्थमन्त्री डा. युवराज खतिवडाबाट हुने कार्यक्रम रहेको छ । सो क्रममा सार्कफाइनान्सका सदस्य केन्द्रीय बैंकहरुबाट सिम्पोजियम  Theme मा Country Paper प्रस्तुत गर्ने कार्यक्रम रहेको छ ।

उक्त कार्यक्रमहरुमा सहभागी हुन एसियन क्लियरिङ्ग यूनियन र सार्कफाइनान्स सदस्य केन्द्रीय बैंकका गभर्नर तथा उच्च पदस्थ प्रतिनिधिहरु कार्यक्रमको अघिल्लो दिनसम्म काठमाडौं आइपुग्नु हुनेछ । होटल हायात रिजेन्सीमा ३ दिनसम्म चल्ने सो कार्यक्रम आयोजनाका लागि नेपाल राष्ट्र बैंकले विभिन्न समितिहरु गठन गरी आवश्यक तयारी पुरा गरिसकेको छ ।

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC) का सदस्य मुलुकहरुका गभर्नर र अर्थ सचिव सदस्य रहने SAARCFINANCE को बैठकमा सदस्य मुलुकहरुको आपसी हितका बारेमा छलफल हुनेछ भने बंगलादेश, भुटान, भारत, इरान, माल्दिभ्स, म्यान्मार, नेपाल, पाकिस्तान र श्रीलंका सदस्य रहेका एसियन क्लियरिङ्ग यूनियनको बैठकमा सदस्य मुलुकहरुबीच हुने व्यापारिक कारोबारको भुक्तानी तथा सेटलमेण्ट सम्बन्धी सहजीकरण र व्यवस्थापनमा छलफल हुनेछ ।

२०७५ असार १२, मंगलबार

गभर्नरको कार्यालय